कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
०८३ ५२२२००
०८३ ५२०२६६

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०७/०२ गते)**

प्रदेश अस्पताल, सुर्खेतमा आर्थिक वर्ष २०८२/०८३ को विभिन्न कार्यक्रमका लागि आवश्यक तपसिलका पदहरुमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले सम्बन्धित पदका लागि योग्यता पुगेका नेपाली नागरिकहरुले निर्धारित ढाँचाको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समयभित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| विज्ञापन नं. | पद | तह | सेवा | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ५ (पाँच) | |
| ०२/०८२/०८३ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | सातौं | स्वास्थ्य | १ (एक) | |
| ०३/०८२/०८३ | स्टाफ नर्स | पाँचौ | स्वास्थ्य | ५ (पाँच) | |
| ०४/०८२/०८३ | हेल्थ असिस्टेन्ट | पाँचौ | स्वास्थ्य | २ (दुई) | |
| ०५/०८२/०८३ | फार्मेसी सुपरभाइजर | पाँचौ | स्वास्थ्य | ५ (पाँच) | |
| ०६/०८२/०८३ | अप्थाल्मिक असिस्टेन्ट | पाँचौ | स्वास्थ्य | २ (दुई) | |
| ०७/०८२/०८३ | ल्याब असिस्टेन्ट | चौथो | स्वास्थ्य | २ (दुई) | |
| ०८/०८२/०८३ | सहायक कम्प्युटर अपरेटर | चौथो | विविध | ४ (चार) | |

**२. आवश्यक न्युनतम योग्यता:** कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिमको आवश्यक न्यूनतम योग्यता हासिल गरेको हुनुपर्नेछ।

**३. पेश गर्नुपर्ने कागजातहरु:**

क) नेपाली नागरिकताको प्रमाण पत्र,

ख) दरखास्त फाराममा पासपोर्ट साइजको फोटो टाँस गर्नुपर्ने,

ग) सम्बन्धित कोर्ष उतिर्ण गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र,

घ) स्वास्थ्य सेवको हकमा अद्यावधिक भएको परिषद् दर्ता प्रमाण पत्र,

ङ) कार्य अनुभव भए सोको प्रमाण पत्र,

च) तालिम लिएको भए सोको प्रमाण पत्र,

छ) स्थायी बसोबासको हकमा सम्बन्धित स्थानीय तहबाट प्रमाणित पछिल्लो तीन महिना भित्रको कागजात पेश गर्नुपर्ने।

**४.दरखास्त दिने विधि:** योग्यता पुगेको उम्मेदवारले प्रदेश अस्पताल, सुर्खेतमा दरखास्त फाराम बुझाउनु पर्नेछ। कार्यालयको ईमेल ठेगाना:provincehospitalskt@gmail.com मा समेत उक्त अवधि भित्र दरखास्त पेश गर्न सकिनेछ। दरखास्त फाराम सामाजिक विकास मन्त्रालय,कर्णाली प्रदेशको वेबसाइट www.mosd.karnali.gov.np र प्रदेश अस्पताल, सुर्खेतको वेबसाइट www.provincehospital.karnali.gov.np बाट डाउनलोड गर्न सकिने छ।

**५. दरखास्त दिने अन्तिम मिति:** २०८२/०७/१६ गते कार्यालय समय भित्र। उक्त दिन सार्वजनिक विदा भएमा बिदा पछि कार्यालय खुलेको पहिलो दिन। म्याद नाघि आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिईने छैन।

**६. तलव, भत्ता:** सम्बन्धित कार्यक्रम अनुसार प्रदेश अस्पतालले तोके बमोजिम (कर्णाली प्रोत्साहन भत्ता बाहेक)।

**७. सेवा करार अवधि:** वि.सं. २०८३ असार मसान्त सम्म र आगामी बर्षमा उक्त कार्यक्रममा बजेट प्राप्त भई कार्य सन्तोषजनक भएमा सेवा करार नविकरण गर्न सकिनेछ।

**८. परीक्षाको किसिम:** संक्षिप्त सूची र अन्तरवार्ताको अंकभार अनुसार। (सहायक कम्प्युटर अपरेटरका लागि प्रयोगात्मक परीक्षा समेत गरिने)

**९. परीक्षा दस्तुर:** अधिकृतस्तर आठौं तहको लागि प्रति विज्ञापन रु. १०००.००, सातौं तहको लागि रु. ८००.०० र चौथो र पाँचौ तहको लागि प्रति विज्ञापन रु.५००.०० राष्ट्रिय बाणिज्य बैंकमा रहेको राजश्व खाता नं. १०००१००२०००१००००६ मा राजश्व शिर्षक **परीक्षा शुल्क** बापत (शिर्षक नं. १४२२४) प्रदेश अस्पताल, सुर्खेतको कार्यालय कोड नं. ३५००२६८०३६ राखि जम्मा गर्नुपर्नेछ। **(मिति २०८१।१२।१३ को विज्ञापनमा आवेदन दिएकाहरुको हकमा सोही पदका लागि यस विज्ञापनको परीक्षा दस्तुर बुझाउनु पर्ने छैन तर आवेदन साथ अन्य आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ।)**

१०.दरखास्त दिने व्यक्ति कुनै कानूनले अयोग्य नठहरिएको र कुनै अभियोग नलागेको हुनुपर्नेछ।

११.आवेदनको म्याद समाप्त भएको सात दिन भित्र अन्तर्वार्ताका लागि संक्षिप्त सूची र समय तालिका प्रकाशित गरिनेछ।

१२.यस सूचनामा उल्लेखित बाहेकका बिषयहरु प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछन्। सूचनामा कुनै संशोधन भएमा अस्पतालको वेवसाइटमा राखिनेछ। थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयको फो.नं. ०८३-५२०२०० वा मो.नं. ९८५८०६३५०५ मा सम्पर्क गर्न सकिनेछ।

पदपूर्ति समिति